**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

## ५० प्रतिशत अनुदानमा कृषि इन्जिनियरिङ (ट्याक्टर, हाते ट्याक्टर, पावर टिलर, धान काट्ने मेसिन आदि) वितरण कार्यक्रममा प्रस्ताव पेश गर्ने सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०७./०२ गते)**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.ब. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका कृषि फर्म, कृषक समूहहरु, कृषि सहकारी संस्थाहरुको लागि ५० प्रतिशत अनुदानमा कृषि इन्जिनियरिङ (ट्याक्टर, हाते ट्याक्टर, पावर टिलर, धान काट्ने मेसिन आदि) उपलब्ध गराउने भएकोले तपसिलको शर्तहरुको अधिनमा रहि ३० औ (तीसौ) दिन कार्यालय समय भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन र संक्षिप्त कार्य योजनाको ढांचा तथा कार्यक्रम संचालन प्रकृया यस उपमहानगरपालिकाको वेवसाइट **www.hetaudamun.gov.np** वाट डाउन लोड गर्न सकिनेछ वा सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

**शर्तहरु:**

१. निवेदन दस्तुर रु १००।- (फिर्ता नहुने गरी) नगद तिरेको रसिद सहित हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन दिनुपर्नेछ ।

२. निवेदन फाराम ५० प्रतिशत अनुदानमा कृषि इन्जिनियरिङका विभिन्न मेशीनरी सामाग्रीहरु ट्याक्टर, हाते ट्याक्टर, पावर टिलर, धान काट्ने मेसिन आदि मध्ये कुनै एक सामाग्री उपलब्ध गराउने कार्यक्रमको लागि मात्र हुनु पर्ने छ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।
   क) कृषि फर्म, कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित)।
   ख) कृषि फर्म, कृषक समूह/सहकारी संस्थाको प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी र लेखापरीक्षण प्रतिवेदन।
   ग) कृषि इन्जिनियरिङ कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
   घ) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

४. अनुदान कार्यक्रममा छनौट भएमा कार्यालयले तोकेको स्पेसिफिकेशन बमोजमको कूल लागत मध्ये ५० प्रतिशत अनुदान प्राप्त हुनेछ र बांकी रकम फर्म/ समूह /सहकारी आफैले व्यहोर्नु पर्नेछ ।

५. अनुदान कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित फर्म/समूह /सहकारी संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

७ रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

८. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
**सम्पर्क मो. ९८५५०६८३९३ , ९८४५५१३३०२ , ९८४५६२२४४४**